# पञ्चेश्वर गाँउपालिका राजपत्र

खण्ड-०१ संख्या-०३ मिति-२०७५।१०।१५

पञ्चेश्वर गाँपालिकाबाट प्रकाशित


## भाग -३

## पञ्चेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन,२०७५

**प्रमाणीकरण मिति -२०७५। १०।१५**

**स्थानीय राजपत्रमा प्रकाशित मिति-२०७५।१०।१५**

**प्रस्तावना -** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम् स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पञ्चेश्वर गाँउपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ -**

(१) यो ऐनको नाम पञ्चेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन पञ्चेश्वर गाँउपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा-**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

Scanned with CamScanner

(क) "ऐन" भन्नाले पञ्चेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७५ सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले पञ्चेश्वर गाँउकार्यपालिका सम्झनुपर्छ ।

ग) "गाँउपालिका" भन्नाले पञ्चेश्वर गाँउपालिका सम्झनुपर्छ ।

घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाँउसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

३. **नियम बनाउने अधिकार -**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाँउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रको विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त पञ्चेश्वर गाँउकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम् स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने -**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही पञ्चेश्वर गाँउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

Scanned with CamScanner

# पञ्चेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधी(नियमित गर्ने) ऐन,२०७५

प्रमाणीकरण मिति -२०७५। ।

स्थानीय राजपत्रमा प्रकाशित मिति-२०७५। ।

**प्रस्तावना -** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पञ्चेश्वर गाँउपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ -**

(१) यो ऐनको नाम पञ्चेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन पञ्चेश्वर गाँउपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा-**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले पञ्चेश्वर गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७५ सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले पञ्चेश्वर गाँउकार्यपालिका सम्झनुपर्छ ।

ग) "गाँउपालिका" भन्नाले पञ्चेश्वर गाँउपालिका सम्झनुपर्छ ।

घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाँउसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

**३. नियम बनाउने अधिकार -**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाँउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रको विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त पञ्चेश्वर गाँउकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

Scanned with CamScanner

२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने -**

(१)संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही पञ्चेश्वर गाँउकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले
कमलापति भट्ट
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner